# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७१।०३।२८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

तेह्रथुम जिल्ला थोक्लुङ्ग गा.वि.स. का सचिव डम्बर कुमार गड्तौलाले आ.ब. २०७०/०७१ मा सामाजिक सुरक्षा भत्ताको रकम व्यापक हिनामिना गरेको, उमेर नपुगेको व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता दिएको र मृत्यु भैसकेका सयौ मानिसको नाममासमेत भत्ता वितरण गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तेह्रथुम जिल्ला, थोक्लुङ्ग गा.वि.स. का तत्कालीन हाल अवकास प्राप्त सचिव डम्बर कुमार गड्तौलाले आर्थिक बर्ष २०६९/७० र २०७०/०७१ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ताको लाभग्राही लगतमा नाम नभएका व्यक्तिहरु, मृत्यु भैसकेको व्यक्तिको नाममा र एकै व्यक्तिको नाममा दोहोरो/तेहोरो गरी रु. १,१८,०००।— (एक लाख अठार हजार) हिनामिना गरेको तथ्य पुष्टि हुन आएको देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य भएकोले बिगो रु. १,१८,०००।— कायम गरी निज डम्बर बहादुर गडतौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हिनामिना गरेको बिगो रकम निजबाट असुलउपर गरी पाउनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला